# मोहन्याल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# खिमडी, कैलाली

# Bidding Document

**Royalty Collection from Karnali Chhal of ward no 7 (MRM/NCB/G/8/2083/084)**

**(ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, माटो आदि)**

**ठेक्का नं. : MRM/NCB/G/8/2083/084**

**नदि तथा खोलाको नाम : कर्णाली छाल**

**Issued by:**

**Mohanyal Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Khimadi, Kailali**

**Sudurpaschim Province**

प्रमुख प्रशासकिय अधिकृत

मोहन्याल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प. सं. :- २०८३/०८४
च. नं. :-

खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

## नदिजन्य सामग्रीको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०७)**

स्थानीय सरकार संचालय ऐन, २०७४ को परिच्छेद ३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था,ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE), सुदुरपश्चिम प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्याविधी, २०७५ मा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागी देहाय बमोजिम तोकिएको स्थानबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, आदि) उत्खनन, संकलन र निकासी गर्नका लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुले बोलपत्र सम्बन्धी सम्पुर्ण कागजातहरु खरिद गरि रितपुर्वक यस कार्यालयमा सिलबन्दी बोलपत्र (Hard Copy) तपसिलमा उल्लेखित मिति, समय र स्थानमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ । बोलपत्र सम्बन्धी कागजात यस मोहन्याल गाउँपालिकाको वेवसाईट (www.mohanyalmun.gov.np) बाट डाउनलोड गर्न सकिनेछ।

तपसिलः

| सि. .नं | ठेक्काको नाम र ठेक्का नं. | कूल घन मिटर | न्यूनतम कबोल अंक रुकर ) . (सहित | न्युनतम बैंक जमानत | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | **Royalty Collection from Barapani & Godo River of ward no 1 (MRM/NCB/G/1/2083/084)** | १४३०० | ३४२५७०८ | १७२००० | ३००० |
| २ | **Royalty Collection from Khande River of ward no 1 (MRM/NCB/G/2/2083/084)** | १८५६२ | ४४४६७१३ | २२३००० | ३००० |
| ३ | **Royalty Collection from Jhapri and Thuligad River of ward no 2 & 4 (MRM/NCB/G/3/2083/084)** | ९५०० | २२७५८२० | ११४००० | ३००० |
| ४ | **Royalty Collection from Bhaisimarhanne and Patharaiya River of ward no 3 (MRM/NCB/G/4/2083/084)** | २८६६५ | ६८६६९८८ | ३४४००० | ३००० |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **Royalty Collection from Simali, Salghari and Sunpal River of ward no 4 and 5 (MRM/NCB/G/5/2083/084)** | १६८९० | ४०४६१६९ | २०३००० | ३००० |
| ६ | **Royalty Collection from Charela, Dhade & Ratanpani River of ward no 6 & 7 (MRM/NCB/G/6/2083/084)** | १६००० | ३८३२९६० | १९२००० | ३००० |
| ७ | **Royalty Collection from Gorange River of ward no 7 (MRM/NCB/G/7/2083/084)** | १७६५० | ४२२८२३४ | २१२००० | ३००० |
| ८ | **Royalty Collection from Karnali Chhal of ward no 7 (MRM/NCB/G/8/2083/084)** | १३४८० | ३२२९२६९ | १६२००० | ३००० |
| ९ | **Royalty Collection from Bade River of ward no 7 (MRM/NCB/G/9/2083/084)** | ९८२० | २३५२४८० | ११८००० | ३००० |
| १० | **Royalty Collection from Sanghure River of ward no 7 (MRM/NCB/G/10/2083/084)** | १५८४० | ३७९४६३१ | १९०००० | ३००० |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मिति,समय र स्थान | २०८३/०६/२१, कार्यालय समयसम्म<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली। |
| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | २०८३/०६/२२, १२ : ०० बजे<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली। |
| बोलपत्र खोल्ने मिति, समय र स्थानः | २०८३/०६/२२, १४ : ०० बजे<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली। |
| आन्तरिक राजश्व खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२७२०१ |
| धरौटी खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२४२०१ |
| बोलपत्र जमानतः कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बराबरको मोहन्याल गा.पा.को धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ। | |

प्रमुख प्रशासकिय अधिकृत

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प. सं. :- २०८३/०८४
च. नं. :-

खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

## शर्तहरु

१. यो सूचना प्रकाशित भए बमोजिम खरिद भएका बोलपत्रहरु २०८३/०६/२२ गते १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्नेछ र सोहि दिन २:०० बजे बोलपत्रहरु मोहन्याल गाउँपालिकाको कार्यालय खिमडी, कैलालीमा खोलिनेछ।

२. ठेक्का लिन ईच्छुक व्यक्ति/फर्मले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ । धरौटी बापतको रकम यस कार्यालयको सिटिजन्स बैंक ईन्टरनेशनल लि. मोहन्याल शाखामा रहेको खाता नं. ०७७०१००००००२४२०१ मा नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र पेश गर्ने अन्तिम मिति देखी १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रती पेश गर्नु पर्नेछ।

३. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

४. बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा बोलपत्र दाखिला गर्न सकिनेछ।

५. रितपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये घटि वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै कुनै पनि शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन।

६. यस कार्यालयबाट गरिएको वातावरणिय प्रभाव र मुल्याङ्कन (IEE) मा तोकिएको घाटगद्दि स्थलहरुमा मात्र नदिजन्य पदार्थ संकलन/उत्खनन गर्नु पर्नेछ।

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश,नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

७. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

८. ठेक्का कबोल गर्ने व्यक्ति तथा फर्मले आफुले कवोल गरको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्रि शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप १३% मु. अ. कर रकम समेत गरी एकमुष्ट वा ३ किस्तामा, पहिलो किस्ता सम्झौता समयमा कबोल अंकको २०% र कबोल रकमको मु. अ. कर समेत , दोस्रो किस्ता फागुन मसान्त भित्र – कबोल अंकको ४०% र अन्तिम किस्ता जेष्ठ मसान्तभित्र – कबोल अंकको ४०% रकम बुझाईसक्नु पर्नेछ । किस्ताबन्दिको हकमा कबोल अंकको ८०% रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारि गरेको सम्झौता अवधीभन्दा १ महिना बढी सम्म म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

९. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, प्रदेश कानुन, नदिजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणिय परीक्षण प्रतीवेदन यस ठेक्का सम्झौताका अभिन्न अंग हुनेछन् ।

१०. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदिजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईने छैन ।

११. बिक्रि मुल्य वा दस्तुर, तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाँट पाईनेछैन ।

१२. नेपाल सरकार वा यस मोहन्याल गाउँपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य दस्तुर, शुल्क आदि सबै ठेक्का कबोल गर्ने फर्म वा व्यक्ति स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१३. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनुपर्नेछ ।

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

१४. बिक्रि मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरू सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ र कर संकलन गर्ने कर्मचारीलाई अनीवार्य परिचयपत्र लगायर मात्र कर संकलन कार्य गराउनु पर्नेछ।

१५. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

१६. तोकिएको म्याद भित्र ठेकेदारले यस मोहन्याल गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझायमा यस कार्यालयले जुनसुकै बखत तोड्न सक्नेछ र हानि नोक्सानि क्षतिपुर्तीको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ।

१७. यस मोहन्याल गाउँपालिकाले बिक्रि मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन।

१८. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ।

१९. तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा मोहन्याल गाउँपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नुपर्ने छ।

२०. आ.व. २०८३/८४ को लागि निम्नानुसारको नदिजन्य सामग्रीमा प्रति घनमिटर बिक्री दर रु. २१२ मा मु.अ. कर बापत १३% थप गरी निम्न अनुसार बिक्रि मूल्य वा शुल्क सङ्कलन गर्न पाईनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन भएको खण्डमा थप परीमाण उत्खनन गर्न रोक लगाईनेछ।

२१. उत्खनन, संकलन तथा बिक्रि गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्यात आर्थीक वर्षको अन्त्यमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम बिक्रि गर्नेछ।

२२. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्,सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

२३. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

२४. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ। यस्ता अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षेतिपूर्ति दिईने छैन।

२५. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक,जैविक,सामाजिक,आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रकृयाहरु अवलम्बन गरी ढुङ्गा,गिट्टी,वालुवा आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ।

२६. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाईने छैन।

२७. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा,घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनतथाको घरजग्गा,कुलो,बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

२८. कल्भर्ट,सडक,बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईने छैन।

२९. मुख्य मार्गबाट बोल्डर,ग्राभेल,वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।

३०. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०८४ जेष्ठ मसान्त सम्म विहान ७:०० बजे देखि बेलुका ५:०० बजे सम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ।

३१. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर,डोजर जस्ता उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएकका शर्त तथा सीमा भित्र रही मात्र प्रयोग गर्नु पर्नेछ।

३२. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ।

३३. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडीएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईनेछैन।

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

३४. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

३५. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरि ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ साथै कामदार र कर्मचारीहरुको सुरक्षाका लागि विमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ।

३६. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरुको पूर्ण पालना गरि नदीजन्य पदार्थ उत्खनन्,संकलन तथा बिक्री गर्नु पर्नेछ।

३७. साधारण निर्माणमुखि नदिजन्य पदार्थ उत्खनन गर्नुपुर्व मोहन्याल गाउँपालिकाको कार्यालयबाट खटाईएका प्रतिनिधिको उपस्थितिमा उत्खनन क्षेत्रको सीमाना रेखाङ्कन गरि, उत्खनन क्षेत्रभित्र कमसेकम १० * १० मिटरको ग्रिडमा सर्भे डाटा हुने गरि उत्खनन क्षेत्रको सर्भे नक्सा तयार गर्नु पर्नेछ।

३८. साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खनन पश्चात सो क्षेत्रको सर्भे गरी उत्खनन भएको परिमाण यकिन गरि मोहन्याल गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

३९. उत्खनन, संकलन तथा बिक्रि वितरण भएको नदिजन्य पदार्थको दैनिक अभिलेख राखि मासिक रुपमा मोहन्याल गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

४०. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

४१. कर्णाली छालको नदिजन्य पदार्थ उत्खनन/संकलन स्थलको जि.पी.एस. को-अर्डिनेट

| क्र.सं. | खोलाको नाम | जि.पि.एस. को-अर्डिनेट | उत्खनन परिमाण (घ.मि.) |
|---|---|---|---|
| १. | कर्णाली छाल | 28°40'14.09"N, 81°10'17.08"E | १३४८० |

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
मोहन्याल गाउँपालिकाको कार्यालय
खिमडी, कैलाली ।

बिषयः बोलपत्र फारम पेश गरेको सम्बन्धमा ।

प्रस्तुत बिषय सम्बन्धमा तहाँ कार्यालयबाट मिति २०८३/०६/०७ गते पहिलो पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरि आ. व. २०८३/०८४ को तोकिएको अवधिका लागी तहाँ गाउँपालिकाले तोकेको परिमाण र तोकेको दरमा मोहन्याल गाउँपालिकामा रहेको कर्णाली छालको नदिजन्य पदार्थको बिक्रि शुल्क संकलन ठेक्काको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु ।

| ठेक्का सम्बन्धि विवरण | न्युनतम ठेक्का अंक रु. (मु. अ. कर सहित) | कबोल गरेको रकम रु. (मु. अ. कर सहित) अंकमा | कबोल गरेको रकम रु. (मु. अ. कर सहित) अक्षरमा | धरौटी रकम (अंक र अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|
| **Royalty Collection from Karnali Chhal of ward no 7 (MRM/NCB/G/8/2083/084** | **३२२९२६९।– (अक्षेरेपि बत्तिस लाख उनन्तिस हजार दुइ सय उनन्सत्तरी मात्र)** | | | | |

नोटः बोलपत्रदाता आफु यसअघी कुनैपनि खरिद कारबाहिमा भाग लिन अयोग्य नरहेको, प्रस्तावित खरिद कारबाहिमा आफ्नो कुनै स्वार्थ नबाझिएको सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु ।

दस्तखतः
सम्पर्क नं. :
फर्म/कम्पनिको नाम र छाप :

प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको नामः
ठेगाना :
मिति :